"मीठे बच्चे– बिहान सबेरै उठेर बाबासँग मीठो मीठो रूहरिहान गर , बाबाले जुन शिक्षा दिनुभएको छ त्यसको चिन्तन गर।"

प्रश्नः– सारा दिन खुसी खुसीमा बितोस्, त्यसको लागि कुनचाहिँ युक्ति रच्नुपर्छ?

उत्तरः– दिनहुँ अमृतबेला उठेर ज्ञानका कुरामा रमण गर। आफूले आफैसँग कुरा गर। सारा ड्रामाको आदि, मध्य, अन्त्यलाई स्मरण गर, बाबालाई याद गर्यौ भने सारा दिन खुसीमा बित्छ। विद्यार्थीले आफ्नो पढाइको रिहर्सल गर्छन्। तिमी बच्चाहरूले पनि रिहर्सल गर।

गीतः– आज अन्धेरे में है इन्सान....।

ओम् शान्ति। मीठा-प्यारा सिकीलधे बच्चाहरूले गीत सुन्यौ। तिमीहरू भगवानका बच्चा हौ नि। तिमीलाई थाहा छ– भगवानले हामीलाई मार्ग देखाइरहनु भएको छ। उनीहरूले पुकारिरहन्छन्, हामी अन्धकारमा छौं भन्छन् किनकि भक्तिमार्ग हो नै अँध्यारो मार्ग। भक्तहरूले भन्छन्– हामी हजुरसँग भेट्नको लागि भट्किरहेका छौं। कहिले तीर्थहरूमा, कहिले कहीँ दानपुण्य गर्छन्, मन्त्र जप्छन्। अनेक प्रकारका मन्त्र दिन्छन् फेरि पनि हामी अन्धकारमा छौं भन्ने कुरा कसैले कहाँ जान्दछन् र। उज्यालो कुन चीजलाई भनिन्छ– केही पनि बुझ्दैनन् किनकि अँध्यारोमा छन्। अहिले तिमी त अँध्यारोमा छैनौ। तिमी आउन त यस वृक्षमा पहिला सुरुमै आउँछौ। नयाँ दुनियाँमा गएर राज्य गर्छौ, फेरि सीँढी उत्रिन्छौ। यसको बीचमा इस्लामी, बौद्धी, क्रिश्चियन आउँछन्। अहिले बाबाले फेरि कलमी लगाइरहनु भएको छ। सबेरै उठेर ज्ञानका यस्ता यस्ता कुरामा रमण गर्नुपर्छ। यो नाटक कति अद्भुत छ, यस ड्रामाको फिल्म रिलको अवधि छ ५००० वर्ष। सत्ययुगको अवधि यति, त्रेताको यति...। बाबामा पनि यो सारा ज्ञान छ नि। दुनियाँमा अरू कसैले जान्दैन। त्यसैले बच्चाहरूले सबेरै उठेर एक त बाबालाई याद गर्नु छ अनि खुसीले ज्ञानको स्मरण गर्नु छ। अहिले हामीले सारा ड्रामाको आदि, मध्य, अन्त्यलाई जानिसकेका छौं। बाबा भन्नुहुन्छ– कल्पको अवधि नै ५००० वर्षको छ। मनुष्यहरूले लाखौं वर्ष भनिदिन्छन्। यो नाटक कति अचम्मको छ। बाबा बसेर जुन शिक्षा दिनुहुन्छ त्यसलाई फेरि उग्राउनु पर्छ, रिहर्सल गर्नुपर्छ। विद्यार्थीले पढाइको रिहर्सल गर्छन् नि।

तिमी मीठा-प्यारा बच्चाहरूले सारा ड्रामालाई जानिसकेका छौ। बाबाले कति सहज रीतिले बताउनु भएको छ– यो अनादि, अविनाशी ड्रामा हो। यसमा जित्छन् अनि फेरि हार्छन्। अब चक्र पूरा हुन्छ, हामी अब घर जानु छ। बाबाको आज्ञा मिलेको छ– म बाबालाई याद गर। यो ड्रामाको ज्ञान एक बाबाले नै दिनुहुन्छ। नाटक कहिल्यै लाखौं वर्षको हुन्छ र। कसैलाई याद पनि रहँदैन। चक्र ५ हजार वर्षको छ, जुन कुरा सारा तिम्रो बुद्धिमा छ। यो कति राम्रो हार र जीतको खेल हो। सबेरै उठेर यस्ता यस्ता ख्याल चलाउनुपर्छ। हामीलाई बाबाले रावणमाथि विजयी बनाउनु हुन्छ। सबेरै सबेरै उठेर आफूसँग यस्ता यस्ता कुरा गर्यौ भने बानी बस्छ। यस बेहदको नाटकलाई कसैले जान्दैन। कलाकार भएर पनि , मध्य, अन्त्यलाई जानेका छैनन्। अहिले हामी बाबाद्वारा लायक बनिरहेका छौं।

बाबाले आफ्ना बच्चाहरूलाई आफूसमान बनाउनु हुन्छ। आफूसमान मात्र कहाँ हो र, बाबाले त बच्चाहरूलाई आफ्नो काँधमा चढाउनु हुन्छ। बाबाको बच्चाहरूसँग कति प्यार छ। कति राम्रो तरिकाले सम्झाउनु हुन्छ– मीठा-प्यारा बच्चाहरू! म तिमीहरूलाई विश्वको मालिक बनाउँछु। म बन्दिनँ, तिमी बच्चाहरूलाई बनाउँछु। तिमी बच्चाहरूलाई फूल बनाएर फेरि टिचर बनेर पढाउँछु। फेरि सद्गतिको लागि ज्ञान दिएर तिमीलाई शान्तिधाम-सुखधामको मालिक बनाउँछु। म त निर्वाणधाममा बस्छु। लौकिक पिताले पनि मेहनत गरेर धन कमाएर सबै कुरा बच्चाहरूलाई दिएर स्वयं वानप्रस्थमा गएर भजन आदि गर्छन्। तर यहाँ त बाबा भन्नुहुन्छ– यदि वानप्रस्थ अवस्था भएको छ भने बच्चाहरूलाई सम्झाएर तिमी यस सेवामा लाग्नुपर्छ। फेरि गृहस्थ व्यवहारमा फस्नु छैन। तिमीले आफ्नो र अरूको कल्याण गर्दै जाऊ। अहिले तिमीहरू सबैको वानप्रस्थ अवस्था हो। बाबा भन्नुहुन्छ– म आएको छु तिमीलाई वाणीभन्दा पर लैजानका लागि। अपवित्र आत्मा त जान सक्दैन। यो ज्ञान बाबाले सम्मुख बसेर सम्झाइरहनु भएको छ। आनन्द पनि सम्मुखमा नै हुन्छ। त्यहाँ त फेरि बच्चाहरूले बसेर सुनाउँछन्। यहाँ बाबा सम्मुख हुनुहुन्छ त्यसैले त मधुवनको महिमा छ नि। बाबा भन्नुहुन्छ– सबेरै उठ्ने

बानी बसाल। भक्ति पनि सबेरै उठेर गर्छन् तर त्यसबाट वर्सा त मिल्दैन, वर्सा मिल्छ रचयिता बाबाबाट। कहिल्यै रचनाबाट वर्सा मिल्न सक्दैन। त्यसैले भन्छन्– हामीले रचयिता र रचनाको आदि, मध्य, अन्त्यलाई जान्दैनौं। यदि उनीहरूले जानेका भए त्यो परम्परा चल्दै आउँथ्यो। बच्चाहरूले यो पनि सम्झाउनु छ– हामी कति श्रेष्ठ धर्मका थियौं फेरि कसरी धर्म भ्रष्ट, कर्म भ्रष्ट बनेका छौं। मायाले बुद्धिमा गोदरेजको ताला लगाइदिन्छ, त्यसैले भगवानलाई भन्छन्– हजुर बुद्धिमानहरूको बुद्धि हुनुहुन्छ, यिनको बुद्धिको ताला खोल्नुहोस्। अहिले त बाबाले सम्मुख बसेर सम्झाइरहनु भएको छ। म ज्ञानको सागर हुँ, तिमीलाई यिनीद्वारा सम्झाउँछु। कुनचाहिँ ज्ञान? यो सृष्टिको आदि, मध्य, अन्त्यको ज्ञान, जुन कुनै पनि मनुष्यले दिन सक्दैन।

बाबा भन्नुहुन्छ– सत्सङ्ग आदिमा जानुभन्दा त स्कुलमा पढ्नु राम्रो हो। पढाइ आम्दानीको स्रोत हो। सत्सङ्गमा त केही पनि मिल्दैन। दानपुण्य गर, यो गर, भेटी राख, खर्च नै खर्च हुन्छ। पैसा पनि राख, शिर पनि झुकाऊ, निधार नै खिइन्छ। अहिले तिमी बच्चाहरूलाई जुन ज्ञान मिलिरहेको छ, त्यसलाई स्मरण गर्ने बानी बसाल अनि अरूलाई पनि सम्झाउनु छ। बाबा भन्नुहुन्छ– अहिले तिम्रो आत्मामा बृहस्पतिको दशा छ। वृक्षपति भगवानले तिमीलाई पढाइरहनु भएको छ, तिमीलाई कति खुसी हुनुपर्छ। भगवानले पढाएर हामीलाई भगवान भगवती बनाउनु हुन्छ। ओहो! यस्ता बाबालाई जति याद गर्छौं, त्यति विकर्म विनाश हुन्छ। यस्ता-यस्ता विचार सागर मन्थन गर्ने बानी बसाल्नुपर्छ। दादाले हामीलाई यी बाबाद्वारा वर्सा दिइरहनु भएको छ। स्वयं भन्नुहुन्छ– मैले यस रथको आधार लिन्छु। तिमीलाई ज्ञान मिलिरहेको छ नि। ज्ञान गङ्गाहरूले पवित्र बनाएर पावन बनाउँछन् कि गङ्गाको पानीले? बाबा भन्नुहुन्छ– प्यारा बच्चाहरू! तिमीले विश्वको सच्चा सच्चा सेवा गर्छौ। ती समाजसेवीहरूले त हदको सेवा गर्छन्। यो हो रुहानी सच्चा सेवा। भगवानुवाच– बाबा सम्झाउनुहुन्छ, भगवान पुनर्जन्म रहित हुनुहुन्छ। श्रीकृष्णले त पूरा ८४ जन्म लिन्छन्। उनको नाम गीतामा राखिएको छ। नारायणको किन राख्दैनन्? श्रीकृष्ण नै नारायण बन्छन्, यो पनि कसैलाई थाहा छैन। श्रीकृष्ण राजकुमार थिए फेरि राधासँग स्वयंवर भयो। अहिले तिमी बच्चाहरूलाई ज्ञान मिलेको छ। जान्दछौ– शिवबाबाले हामीलाई पढाउनुहुन्छ। उहाँ बाबा पनि हुनुहुन्छ, टिचर, सद्गुरु पनि हुनुहुन्छ। सद्गति दिनुहुन्छ। उच्च भन्दा उच्च भगवान शिव नै हुनुहुन्छ। उहाँले भन्नुहुन्छ– मेरो निन्दा गर्नेले उच्च स्थान पाउन सक्दैन। बच्चाहरूले पढेनन् भने मास्टरको इज्जत जान्छ। बाबा भन्नुहुन्छ– तिमीले मेरो इज्जत नगुमाउनु। पढ्दै जाऊ। लक्ष्य उद्धेश्य त सामुन्ने खडा छ। फेरि ती गुरुहरूले आफ्नो लागि भनिदिन्छन्, जसकारण मनुष्यहरू डराउँछन्। सम्झन्छन्– कुनै श्राप नमिलोस्। गुरुबाट मिलेको मन्त्र नै सुनाइरहन्छन्। संन्यासीहरूसँग सोध्न सक्छौ– तपाईंले घरबार कसरी छोड्नुभयो? भन्छन्– यी व्यक्त कुरा नसोध। अरे, किन बताउनुहुन्न? हामीलाई के थाहा तपाईं को हुनुहुन्छ? तीक्ष्ण बुद्धि भएकाले यस्तो कुरा गर्छन्। अज्ञान कालमा कसै कसैलाई नसा हुन्छ। स्वामी रामतीर्थका अनन्य शिष्य स्वामी नारायण थिए। उनका किताब आदि बाबाले पढेका छन्। बाबालाई यो सबै पढ्ने सोख हुन्थ्यो। सानै उमेरमा वैराग्य आउँथ्यो। एकचोटि सिनेमा हेरे, अनि वृत्ति खराब भयो। साधुपना परिवर्तन भयो। त्यसैले अहिले बाबाले सम्झाउनु हुन्छ– ती सबै गुरु आदि हुन् भक्तिमार्गका। सर्वका सद्गतिदाता त एउटै हुनुहुन्छ, जसलाई सबैले याद गर्छन्। गायन पनि गर्छन्– मेरो त एक गिरधर गोपाल दोस्रो न कोही। गिरधर श्रीकृष्णलाई भन्छन्। वास्तवमा गाली यी ब्रह्माले खान्छन्। श्रीकृष्णको आत्मा अन्त्यमा गाउँलेका छोरा तमोप्रधान बनेपछि मात्र गाली खान्छन्। वास्तवमा त यिनै श्रीकृष्णको आत्मा हुन् नि। गाउँमा हुर्केका हुन्। चल्दा-चल्दै ब्राह्मण फस्यो अर्थात् बाबाले प्रवेश गर्नुभयो, कति गाली खाए। अमेरिकासम्म हल्ला गयो। ड्रामा अद्भुत छ। अहिले तिमीलाई थाहा छ, त्यसैले खुसी हुन्छ। बाबा सम्झाउनु हुन्छ– यो चक्र कसरी घुम्छ? हामी कसरी ब्राह्मण थियौं फेरि देवता, क्षत्रिय... बन्यौं। यो ८४ को चक्र हो। यो सारा स्मृतिमा राख्नु छ। रचयिता र रचनाको आदि, मध्य, अन्त्यलाई जान्नु छ, जुन कसैले पनि जान्दैन। तिमी बच्चाहरूले जान्दछौ– हामी विश्वको मालिक बन्छौं, यसमा कुनै मेहनत त छैन। यस्तो कहाँ भन्नुहुन्छ र– यसरी आसन आदि लगाऊ। हठयोग यस्तो सिकाउँछन् जुन कुरै नसोध। कसै कसैको दिमाग नै बिग्रिन्छ। बाबाले कति सहजै कमाइ गराउनु हुन्छ। यो हो २१ जन्मको लागि सच्चा कमाइ। तिम्रो हत्केलामा स्वर्ग छ। बाबाले बच्चाहरूको लागि स्वर्गको सौगात ल्याउनु हुन्छ। यसरी अरू कुनै मनुष्यले भन्न सक्दैन। बाबाले नै भन्नुहुन्छ, यिनको आत्माले पनि सुन्छ। बच्चाहरूले सबेरै उठेर यस्ता-यस्ता विचार गर्नुपर्छ। भक्तहरूले पनि सबेरै गुप्त माला जप्छन्। त्यसलाई गोमुख भन्छन्। त्यसभित्र हात हालेर माला जप्छन्। राम राम.... मानौं बाजा बज्छ। वास्तवमा गुप्त त यो हो, बाबालाई याद गर्नु। अजपाजप यसलाई भनिन्छ। यसमा खुसी हुन्छ, यो ड्रामा कति अद्भुत छ। यो बेहदको नाटक हो जुन तिमी बाहेक अरू कसैको बुद्धिमा छैन। तिमीहरूको बुद्धिमा पनि

नम्बरवार पुरुषार्थ अनुसार छ। छ धेरै सहज। हामीलाई त अब भगवानले पढाउनुहुन्छ। केवल उहाँलाई नै याद गर्नु छ। वर्सा पनि उहाँबाट नै मिल्छ। यी बाबाले त एकैचोटि सबै कुरा छोडे किनकि बाबाको प्रवेश भएको थियो नि। सबै कुरा यी माताहरूलाई अर्पण गरिदिए। बाबाले भन्नुभयो– यति ठूलो स्थापना गर्नु छ, सबै यस सेवामा लगाइदेऊ। एक पैसा पनि कसैलाई दिनुछैन। यति नष्टोमोहा हुनुपर्छ। लक्ष्य उच्च छ। मीराले लोकलाज विकारी कुलको मर्यादा छोडिन्, त्यसैले उनको कति नाम छ। यी बच्चीहरूले पनि भन्छन्– हामीले विवाह गर्नेछैनौं। लखपति भए पनि, जे भए पनि हामीले त बेहदका बाबासँग वर्सा लिन्छौं। यस्तो नसा चढ्नुपर्छ। बेहदका बाबा बसेर बच्चाहरूको शृङ्गार गर्नुहुन्छ। यसमा पैसा आदिको कुनै आवश्यकता छैन। विवाहको दिनमा बनवासमा बसाउँछन्, पुराना फाटेका कपडा आदि पहिराउँछन्। फेरि विवाहपछि नयाँ कपडा, गहना आदि पहिराउँछन्। उहाँ बाबा भन्नुहुन्छ– मैले तिमीलाई ज्ञान रत्नहरूले शृङ्गार गर्छु, फेरि तिमी यस्ता लक्ष्मी-नारायण बन्छौ। यस्तो अरू कसैले भन्न सक्दैन।

बाबाले नै आएर पवित्र प्रवृत्ति मार्गको स्थापना गर्नुहुन्छ। त्यसैले विष्णुका पनि ४ भुजा देखाउँछन्। शङ्करको साथमा पार्वती, ब्रह्माको साथमा सरस्वती देखाइएको छ। तर ब्रह्माकी त कुनै स्त्री छैनन्। यी त बाबाको बने। कस्ता अचम्मका कुरा छन्। माता-पिता त यी हुन् नि। यी प्रजापिता पनि हुन्, फेरि यिनीद्वारा बाबाले रच्नु पनि हुन्छ। त्यसैले माता पनि ठहरिए। सरस्वती ब्रह्माकी छोरी भनेर गायन गरिन्छ। यी सबै कुरा बाबा बसेर सम्झाउनु हुन्छ। जसरी बाबाले सबेरै उठेर विचार सागर मन्थन गर्छन्, त्यसैगरी बच्चाहरूले पनि अनुसरण गर्नु छ। तिमी बच्चाहरूलाई थाहा छ– यो खेल हारजितको अचम्मको बनेको छ, यसलाई देखेर खुसी हुन्छ, घृणा आउँदैन। हामीले यो जान्दछौं हामीले सारा ड्रामाको आदि मध्य अन्त्यलाई बुझिसकेका छौं, त्यसैले घृणाको त कुरा नै छैन। तिमी बच्चाहरूले मेहनत पनि गर्नु छ। गृहस्थ व्यवहारमा रहनु छ, पावन बन्ने जिम्मेवारी लिनु छ। हामी युगल सँगसँगै रहेर पवित्र दुनियाँको मालिक बन्छौं। फेरि कोही कोही त फेल पनि हुन्छन्। बाबाका हातमा कुनै शास्त्र आदि छैनन्। यो त शिवबाबाले भन्नुहुन्छ– मैले ब्रह्माद्वारा तिमीलाई सबै वेद-शास्त्रहरूको सार सुनाउँछु, श्रीकृष्णले होइन। कति फरक छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रुहानी बाबाको रुहानी बच्चाहरूलाई नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) पढाइमा पूरा ध्यान दिनु छ। यस्तो कुनै कर्म गर्नु छैन जसबाट बाबा, टिचर र सद्गुरुको निन्दा हुन्छ। इज्जत गुमाउने कुनै कर्म गर्नु छैन।

२) विचार सागर मन्थन गर्ने बानी बसाल्नु छ। बाबाबाट जुन ज्ञान मिलेको छ त्यसको स्मरण गरेर अपार खुसीमा रहनु छ। कसैसँग पनि घृणा गर्नु हुँदैन।

वरदानः– सम्पूर्णताको रोसनीद्वारा अज्ञानको पर्दा हटाउने सर्च लाइट भव

अब प्रत्यक्षताको समय नजिक आउँदैछ, त्यसैले अन्तर्मुखी बनेर गुह्य अनुभवहरूको रत्नले आफूलाई भरपुर बनाऊ। यस्तो सर्च लाइट बन, जसले तिम्रो सम्पूर्णताको रोसनीले अज्ञानको पर्दा हटाइदिन्छ किनकि तिमी धरतीका तारा यस विश्वलाई हलचलबाट बचाएर सुखी संसार, स्वर्णिम संसार बनाउनेहरू हौ। तिमी पुरुषोत्तम आत्माहरू विश्वलाई सुख-शान्तिको सास दिने निमित्त हौ।

स्लोगनः– माया र प्रकृतिको आकर्षणबाट टाढा रहयौ भने सदा हर्षित रहनेछौ।